G 9588

# महिला श्रम सम्बन्धी अध्ययन-२०४४

## सुर्खेत

Nepal National Library

000002

Re
३३१.४
म२७८
२०४६

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
**केन्द्रीय तथ्यांक विभाग**
रामशाहपथ, २०४६

७१६४४

# महिला श्रम सम्बन्धी अध्ययन-२०४४

## सुर्खेत

नेपाल राष्ट्रिय पुस्तकालय
हरिहर भवन

Nepal National Library

000002

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
**केन्द्रीय तथ्यांक विभाग**
रामशाहपथ, २०४६

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
केन्द्रीय तथ्यांक विभाग

Re
३३१.४
म
२०४६
→ Women workers

५०० प्रति

000002

Nepal National Library

मुद्रकः— बालकुमारी प्रि. प्रेस, वटु, मुबहाल फोन २२४१९६

# प्राक्कथन

कुनै पनि विकास आयोजनाको तर्जुमामा तथ्यांकहरूको महत्वपूर्ण स्थान रहेको हुन्छ । आर्थिक विकासको तवसम्म केही अर्थ हुन्न जवसम्म हाम्रो जस्तो रूढीवादीमा पिछडीएको समाजको विकास हुँदैन र यसमा आमुल परिवर्तन हुँदैन । यस किसिमको विकास विना सर्व साधारणको लागि आर्थिक विकासको केही अर्थ रहदैन । यसै उद्देश्य प्राप्तिको लागिआज सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद विभिन्न कार्यक्रमहरूको कार्यान्वयनमा विशेष सक्रिय रहेको देखिन्छ । तर यस किसिमका सामाजिक विकास आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयनको लागि पनि उचित तथ्यांकहरूको आवश्यकता हुन्छ । हुन त हाम्रो देशमा धेरै विषयको तथ्यांकहरू पाउन ज्यादै कठिन छ, त्यसमा पनि सामाजिक विषयहरूसंग सम्बन्धित तथ्यांक-हरू उपलब्ध हुन त झनै गाह्रो छ । यसै तथ्यलाई दृष्टिगत गरी क्रमिक रूपमा सामाजिक तथ्यांकको विकास गर्दै लाने उद्देश्यले यस विभागद्वारा सामाजिक तथ्यांक विकास आयोजनाको कार्यक्रम सञ्चालन भएको हो ।

यस आयोजना अन्तर्गत यस विभागले विगत केही वर्ष देखि विभिन्न सामाजिक विषयहरूको तथ्यांक सङ्कलन गरी प्रकाशन गर्दै आइरहेको छ । यसै क्रममा गत आर्थिक वर्षमा देश विकासको लागि एक दिगो स्तम्भको रूपमा रहेको महिला वर्गको श्रम शक्ति यसको अवस्था र विकास कार्यमा भएको सहभागिता विषय आवश्यक जानकारी लिने उद्देश्यले महिला श्रम सम्वन्धी एक अध्ययन गरिएको थियो । यस किसिमको अध्ययन राष्ट्रिय स्तर वा क्षेत्रीय स्तरमा हुने ज्यादै उपयुक्त थियो । तर उपलब्ध साधन र श्रोत ज्यादै सिमित भएकाले यस अध्ययनलाई पूर्वाञ्चल विकास केन्द्र धनकुटा तथा मध्य पश्चिमाञ्चल विकास केन्द्र सुर्खेत गरी जम्मा दुई जिल्लामा सिमित गर्न वाध्य हुनु परेको थियो । तैपनि दुई जिल्लामा गरिएको यस अध्ययनको आधारबाट सम्बन्धित क्षेत्रको अध्ययन विषयको प्रयाप्त उपयोगि जानकारी हासिल गर्न सकिने छ भन्ने विश्वास लिएको छु ।

उपरोक्त अध्ययनको प्रतिफललाई जस्ताको तस्तै प्रस्तुत गर्ने सक्दो प्रयास भएको छ । यस प्रकारको सानो अध्ययनमा स्वभावत केही त्रुटी वा छुटपुट हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन । अत: सम्बन्धित क्षेत्रले यस्ता कमजोरीहरू औल्याई दिएमा विभाग अनुग्रहित हुने छ र यस्ता सुझावहरू भविष्यमा यस विभागबाट गरिने सर्वेक्षण तथा अध्ययनहरूको लागि उचित मार्ग दर्शन हुने छ भन्ने विश्वास लिएको छु ।

अन्तमा यस अध्ययनको क्षेत्रीय कार्य (Field Work) मा संलग्न हुने र यस कार्यक्रमको उचित किसिमबाट सञ्चालन गरी सो को प्रतिवेदन यस रूपमा प्रस्तुत गर्ने कार्यमा संलग्न हुने यस विभागका सम्पूर्ण अधिकृत कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

जेष्ठ, २०४६

विश्व राज रेग्मी
महानिर्देशक

# विषय सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| भाग १ | परिचय | १ |
| भाग २ | जनसंख्याको बनोट तथा पारिवारीक स्थिति | ५ |
| भाग ३ | शिक्षा | १० |
| भाग ४ | महिलाहरूले गर्ने काम | १४ |
| भाग ५ | आम्दानीको मुख्य श्रोत तथा ज्याला | २५ |

भाग–१

# सुर्खेत

## जिल्ला परिचय :–

मध्य पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्रको रूपमा रहेको सुर्खेत जिल्ला भेरी अंचलमा पर्दछ । उत्तरमा दैलेख र जाजरकोट, दक्षिणमा बांके र बर्दिया, पूर्वमा सल्यान र दाङ्ग र पश्चिममा अछाम डोटी जिल्लाहरू पर्ने यो जिल्ला, उत्तरमा महाभारत पर्वत र दक्षिणमा चुरे डांडाको बीचमा अवस्थित छ । त्यस्तै उत्तरमा रानीमत्ता पानी ढलो दक्षिणमा दैउराली डांडा, दानुवा ताल, पूर्वमा भेरी नदी, पश्चिममा कर्णाली नदी यस जिल्लाको प्राकृतिक सांध हुन् ।

२४५१ वर्ग किलोमिटरमा फैलिएको यो जिल्ला ५० गा.पं. र एक न.पं. मा विभाजित छ । २०३८ साल-को जनगणना अनुसार जम्मा जनसंख्या १६६१९६ मध्ये पुरूष ८३३८२ र महिला ८२८१४ रहेका छन् । अधि-राज्यका अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि विभिन्न जात जातिका मानिसहरू वसोवास गरिरहेका छन् । करीब ७० हजार आर्थिक रूपले सक्रय जनसंख्या रहेको यस जिल्लामा आर्थिक रूपले सक्रिय महिलाहरूको संख्या करीब २७ हजार रहेको देखिन्छ । यस जिल्लाका अधिकांश वासिन्दाहरू राष्ट्रभाषा नेपाली भाषा बोल्ने गर्नुको अतिरिक्त आ-आफ्ना जातीय भाषा पनि बोल्ने गर्दछन् । यस जिल्लाको कूल जनसंख्याको २१.५ प्रतिशत साक्षर मध्ये पुरूष ३४.२ प्रतिशत र महिला ९.७ प्रतिशत साक्षर रहेका देखिन्छन् । प्राथमिक देखि माध्यमिक स्तर सम्मको गरी हाल जम्मा २२४ वटा विद्यालय संख्या रहनुको अतिरिक्त यस जिल्लामा निजी क्याम्पस १ समेत गरी ३ वटा क्याम्पस रहेको देखिन्छ ।

अधिराज्यको अन्य कतिपय जिल्लाहरू जस्तै यस जिल्ला पनि भौगोलिक हिसावले उत्तरी क्षेत्र पहाडी तथा भिरालो परेको र दक्षिण क्षेत्र समथर भित्री मदेश भएबाट आर्थिक क्रयाकलापहरू अधिकांश रूपले दक्षिणमा केन्द्रीत रहेको देखा पर्दछ । जस्ले गर्दा उत्तरी भाग भन्दा दक्षिणी भाग विकसित देखिन्छ । छिन्चु, मेहलंकुना, लेखफर्सा, रामघाट आदी जस्ता ठाउँहरू व्यापारिक केन्द्रको रूपमा रहेका यस जिल्लाले जुम्ला, दैलेख, मुगु आदि जस्ता हिमाली एवं पहाडी जिल्लाहरूको लागि आवश्यक सामानहरूको आपूर्ति समेत गर्ने भएकोले यसको व्यापारिक महत्व कम छैन । पहाडि जिल्लाहरू र बांके जस्ता तराई र भारतिय सिमानाको जिल्लाको बीचमा रहेको र नेपालगञ्जबाट सडक राजमार्ग समेत जोडिएको हुनाले यस जिल्लाले ती जिल्लाहरूको बीचमा पुल (Bridge) को रूपमा काम गरिराखेको छ । भविष्यमा निर्माण हुने कर्णाली अञ्चल सम्मको राजमार्ग पनि यहि जिल्ला भएरै बन्ने सम्भावना भएबाट यस जिल्लाको भविश्य उज्वल देखिन्छ ।

अधिराज्यका अन्य जिल्लाहरू जस्तै सुर्खेत जिल्लाको अर्थ व्यवस्थामा कृषि क्षेत्रकै सर्वोपरि स्थान रहेको छ । यहाँ मुख्य वाली धान, मकै र गहुंको अतिरिक्त तोरी र केही मात्रामा सुर्तीको खेती गरिनुको साथै पशुपालन व्यवसायलाई पनि अप्नाएका पाइन्छन् ।

यस जिल्लामा स्वास्थ्य सुविधाको लागि एक अस्पतालको अतिरिक्त अन्य स्वास्थ्य चौकीहरूको व्यवस्था हुनुको साथै हवाई सेवा सुविधा, आकाशवाणी सुविधा र बिजुली बत्तीको सुविधा समेत उपलब्ध छ ।

यस जिल्लाको एकमात्र प्रमुख व्यापार केन्द्रको रूपमा रहेको वीरेन्द्रनगर मध्य पश्चिमाञ्चल क्षेत्र भित्रका उत्तर र दक्षिण जिल्लाहरूका व्यापार विनिमयको प्रमुख केन्द्र विन्दु रहेको छ ।

# महिला श्रम सम्बन्धी अध्ययन–२०४४

महिलाहरूले समाजमा गृहिणीको रूपमा रही घर र केटाकेटीहरूमा मात्र आफ्नो क्रयाकलापहरूलाई सीमित नराखी समाजमा विद्यमान विभिन्न आर्थिक क्रयाकलापहरूमा पनि सक्रय रूपले योगदान दिई आएका छन् । महिलाहरूले घरायसी कामहरू जस्तै बच्चा हेर्ने, पानी पधेरो जाने, दाउरा खोजी इन्धन आपूर्ति गर्ने, खाना बनाउने आदि कामका अतिरिक्त आर्थिक उत्पादन सित सम्बन्धित कार्यहरू जस्तै खेतीपाती, पशुपालन, घरेलु उद्योगहरू आदि गरी परिवारमा केही भरथेग गरी राखेका हुन्छन् । महिलाहरूले यस्ता किसिमका क्रयाकलापहरूद्वारा विशेषतः गाउँ ठाउँमा प्रचुर मात्रामा आर्थिक योगदान गरी आएका पाइन्छन् भने शहरी क्षेत्रमा पनि परम्परागत कामहरूमा मात्र सीमित नरही पुरुषहरू सरह नै विभिन्न संस्थान, प्रतिष्ठान र कार्यालयहरूमा आफूलाई सम्मिलित गराई अर्थ उपार्जन गर्दै आएका पाइन्छन् ।

महिलाहरूले गर्ने आर्थिक क्रियाकलाप सम्बन्धी सबै पक्षहरूको तथ्याङ्कलाई विस्तृत पार्दै लानु आवश्यक भएबाट छनौट विधि (SAMPLING) को आधारमा महिलाहरूको श्रम सम्बन्धी अध्ययन गर्ने अभिप्रायले केन्द्रीय तथ्याङ्क विभागले सुर्खेतमा यस सम्बन्धी अध्ययन गरेको थियो ।

२०३८ सालको जनगणनाबाट प्राप्त तथ्याङ्कलाई केलाएर हेर्दा नेपालको कूल जनसंख्यामा दश वर्ष र सो भन्दा माथिका आर्थिक दृष्टिले सक्रिय जनसंख्या ६८.५१ लाख छन् भने त्यसमा महिलाहरूको संख्या २३.७१ लाख रहेको पाइन्छ । यसै गरी यस अध्ययन सित सम्बन्धित सुर्खेत जिल्लाको तथ्याङ्क विश्लेषण गर्दा करिब ७० हजार आर्थिक रूपले सक्रिय जनसंख्यामा महिलाहरू २७ हजार रहेको देखिन्छ ।

१० वर्ष र सो भन्दा माथिका महिलाहरूलाई मात्र समावेश गरी महिलाहरूको श्रम सम्बन्धी गरिएको यस अध्ययनको उद्देश्यहरू निम्न अनुसार छन् ।

१. यस अध्ययनले उल्लेखित जिल्लाको आर्थिक रूपले सक्रिय महिलाहरू के कस्ता काममा लागेका छन् सो को जानकारी लिने । जस्तैः– खेतिपाती, घरायसी कार्य, सेवा व्यापार, पशुपालन आदि ।

२. महिलाहरूको साक्षरता, शिक्षाको तह, बीचैमा पढाई छाड्ने कारण सम्बन्धमा जानकारी लिने ।

३. महिलाहरू मूली भएको परिवार संख्या सम्बन्धी जानकारी लिने ।

४. महिलाहरूको वैवाहिक स्थिति सम्बन्धी जानकारी लिने ।

## अध्ययनको क्षेत्रः–

महिला श्रमको सहभागिता सम्बन्धी गरिएको यस अध्ययन पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्रको रूपमा रहेको सुर्खेत जिल्लामा पर्दछ ।

## अध्ययनको तरिकाः–

यस अध्ययनका लागि सुर्खेत जिल्लाबाट ५० वडाहरू Random Sampling को आधारमा छानिएको छ । यसरी छानिएका वडाहरूसंग जिल्लाको कूल वडाहरूको प्रतिशत निम्न अनुसार रहेको छ ।

| जिल्ला | सम्पूर्ण वडा संख्या | छानिएको वडा संख्या | छानिएको वडाको प्रतिशत |
|---|---|---|---|
| सुर्खेत | ४६२ | ५० | १०.८ |

उपरोक्त छानिएका ५० वडाको पारिवारीक लगत तयार पारी Systematic Sampling को आधारमा २० प्रतिशत परिवार छनौट गरी त्यसमा समाविष्ट १० वर्ष र सो भन्दा माथिका महिलाहरूबाट प्रश्नावली भराइएको थियो ।

## अध्ययनको विषय:–

यस अध्ययनमा निम्न विषयहरू मात्र समावेश गरिएका छन् ।

१. उमेर, लिङ्ग, घर मुलीसंगको नाता, वैवाहिक स्थिति ।
२. साक्षरता, शिक्षाको तह, शिक्षण संस्थामा भर्ना भएर बीचैमा पढाई छोडेकाहरूको संख्या, व्यावसायिक तालिम ।
३. परिवारको मुख्य आम्दानीको श्रोत ।
४. आर्थिक क्रियाकलाप ।
५. काममा लाग्न नसक्नाका कारणहरू ।
६. आफ्नो काम बाहेक अरू ठाउँमा काम गर्ने इच्छा ।

## क्षेत्रीय कार्य:–

महिला श्रम सम्बन्धी यस अध्ययनको क्षेत्रीय कार्य विभागका सुपरिवेक्षक र गणकहरू तथा सम्बन्धित क्षेत्रीय तथ्याङ्क कार्यालयको सहभागितामा सम्पन्न गरिएको हो । क्षेत्रीय कार्य सुर्खेतमा २०४४ साल पौष ७ गते देखि २०४४ साल माघ १० गतेसम्म गरिएको थियो । करिब १ महिनासम्म सञ्चालित स्थलगत कार्यमा निम्न अनुसार पारिवारिक लगतको आधारमा छानिएका परिवारमा परेका महिलाहरूको प्रश्नावली भरिएका थिए ।

| जिल्ला | पारिवारिक लगत तयार पारिएका परिवार संख्या | छानिएका परिवारको संख्या | प्रश्नावली भरिएका महिला संख्या |
|---|---|---|---|
| सुर्खेत | ३८८५ | ७७२ | १४७८ |

यसरी सुर्खेतमा १४७८ महिलाहरूको प्रश्नावली भरी त्यसको आधारमा यो प्रतिवेदन तयार गरिएको हो ।

## अध्ययनका सीमाहरू:–

महिला श्रम सम्बन्धी सुर्खेत जिल्लामा गरिएको यस अध्ययन जिल्ला भरिमा नै नगरीकन Random Sampling को आधारमा छानिएका ५० वडाहरूमा मात्र गरिएको थियो । यस वाहेक छानिएका वडाहरूको कूल परिवार संख्यामा पनि २० प्रतिशत परिवार भित्रका दश वर्ष र सो माथिका महिलाहरूको मात्र गणना गरिएको थियो ।

यो अध्ययन सिमित साधन, श्रोत तथा छनौट विधिबाट गरिएको हुनाले महिला श्रम सम्बन्धी व्यापक पक्षहरूलाई समावेश गर्न सकिएको छैन । तर पनि भविष्यमा गरिने यस प्रकारको विस्तृत अध्ययनको लागि यसबाट सघाउ पुग्ने आशा गर्न सकिन्छ । यस अतिरिक्त छनौट विधिमा अन्तरनिहित त्रुटीहरू तर्फ पनि प्रयोग कर्ताको ध्यान आकृष्ट गर्नु समुचित हुनेछ ।

## भाग–२

# जनसंख्याको वनोट तथा पारिवारीक स्थिति

२०३८ सालको जनगणना अनुसार नेपाल अधिराज्यको कूल १,५०,२२,८३९ जनसंख्यामा पुरुष ७६,९५,३३६ र महिलाको संख्या ७३,२७,५०३ रहेको थियो भने सुर्खेत जिल्लामा १,६६,१९६ जनसंख्या रहेकोमा पुरुषको संख्या ८३,३८२ र महिलाको संख्या ८२,८१४ भई क्रमश ५०.२ प्रतिशत र ४९.८ प्रतिशत देखिन आएको थियो । २०४४ मा यस जिल्लामा महिला श्रम सम्बन्धी गरिएको अध्ययनको क्रममा छानिएका वडाहरूमा सर्वेक्षित ४३४७ जनसंख्यामा पुरुषको प्रतिशत ५०.४ र महिलाको प्रतिशत ४९.६ देखिन आएको थियो ।

उमेर समूह अनुसार केलाएर हेर्ने हो भने उक्त सर्वेक्षित जनसंख्यामा १० वर्ष मुनीका वाल बालिकाहरूको नै प्रधान्यता देखिन आउँदछ । सो उमेर समूहमा कूल जनसंख्यामा ३१.२ प्रतिशत पर्न आएको देखिन्छ । यस समूहमा महिलाको प्रतिशत ४९.९ देखिन आउँदछ । बढी उमेर समूहमा जनसंख्या प्रायः कम हुँदै आएको देखिन्छ । ५५ र सो भन्दा माथिका उमेर समूहमा जम्मा २५५ अर्थात ५.९ प्रतिशत मात्र रहेको देखिन्छ । उक्त उमेर समूहमा ५०.२ पुरूष र ४९.८ प्रतिशत महिला रहेको देखिन्छ ।

## तालिका नं. १ :– उमेर समूह तथा लिङ्ग अनुसार जनसंख्या वितरण, सुर्खेत ।

| उमेर समूह [वर्षमा] | जम्मा संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ० ४ | ६५७ | १५.११ | ३४२ | १५.५९ | ३१५ | १४.६२ |
| ५–९ | ६९८ | १६.०६ | ३३७ | १५.३७ | ३६१ | १६.७६ |
| १०–१४ | ६०२ | १३.८५ | ३१९ | १४.५५ | २८३ | १३.१४ |
| १५–१९ | ४३० | ९.८९ | २२४ | १०.२१ | २०६ | ९.५६ |
| २०–२४ | ३८७ | ८.९० | १८३ | ८.३४ | २०४ | ९.४७ |
| २५–२९ | ३४७ | ७.९८ | १७० | ७.७५ | १७७ | ८.२२ |
| ३०–३४ | २६६ | ६.१२ | १३६ | ६.२० | १३० | ६.०३ |
| ३५–३९ | २०३ | ४.६७ | ९७ | ४.४२ | १०६ | ४.९२ |
| ४०–४४ | १९१ | ४.३९ | ९७ | ४.४२ | ९४ | ४.३६ |
| ४५–४९ | १५८ | ३.६३ | ८० | ३.६५ | ७८ | ३.६२ |
| ५०–५४ | १५३ | ३.५२ | ८० | ३.६५ | ७३ | ३.३९ |
| ५५–५९ | ९३ | २.१४ | ५४ | २.४६ | ३९ | १.८१ |
| ६०–६४ | ७७ | १.७७ | ३८ | १.७३ | ३९ | १.८१ |
| ६५ – माथि | ८५ | २.० | ३६ | १.६ | ४९ | २.३ |
| जम्मा | ४३४७ | १०० | २१९३ | १०० | २१५४ | १०० |

महिला श्रम सम्बन्धी अध्ययनको क्रममा विभिन्न आकारका ( परिवार भित्र रहेको सदस्य संख्या ) जम्मा ७७२ वटा परिवारको सर्वेक्षणमा सबभन्दा धेरै ६ जना सदस्य भएको परिवार पाइन्छ । उक्त सदस्य संख्या भएको परिवार संख्या १४१ अर्थात १८.३ प्रतिशत देखिन्छ । धेरै जसो परिवारमा ४ देखि ६ जना सम्म सदस्य भएको देखिन्छ । कूल सर्वेक्षित परिवार संख्यामा ४ देखि ६ जना सदस्य भएका परिवारको प्रतिशत ५२.८ प्रतिशत देखा पर्दछ । धेरै सदस्य भएका परिवार संख्या त्यति उल्लेखनीय नभएको देखिन्छ । ११ र सो भन्दा बढी सदस्य भएका परिवार संख्या ४.६ प्रतिशत मात्र छन् ।

## तालिका नं. २ :– परिवारको आकार अनुसार परिवार संख्या तथा यसको प्रतिशत वितरण, सुर्खेत ।

| परिवारको आकार (परिवार भित्र रहेको सदस्य संख्या) | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १. | १० | १.३ |
| २. | ४० | ५.२ |
| ३. | ८८ | ११.४ |
| ४. | १३३ | १७.२ |
| ५. | १३४ | १७.४ |
| ६. | १४१ | १८.३ |
| ७. | ८३ | १०.८ |
| ८. | ५४ | ७.० |
| ९. | ३४ | ४.४ |
| १०. | १९ | २.५ |
| ११. | १८ | २.३ |
| १२. | ९ | १.२ |
| १३. र सो भन्दा बढी | ९ | १.१ |
| जम्मा | ७७२ | १०० |

परिवार भित्रका मानिसहरू कुनै न कुनै प्रकारको नाता सम्बन्धमा आवद्ध भएका हुन्छन् । परिवारमा परिवारको सबै चांजो पांजो मिलाई सबै वर बन्दोवस्त गर्ने व्यक्ति नै घरको मुलीको रूपमा लिइएको छ । यस सर्वेक्षणमा परेका महिलाहरूको मुलीसंको नाता सम्बन्धमा सबभन्दा धेरै महिलाहरू स्वास्नीकै रूपमा देखा परेका छन् । मूलीको स्वास्नीको रूपमा ४४.५ प्रतिशत महिलाहरू छन् । मूलीसंग स्वास्नीको नातामा आवद्ध हुने महिलाहरूमा सबभन्दा धेरै २५–४९ वर्षका महिलाहरू देखिन्छ । सो उमेर भित्रका ७९.७ प्रतिशत महिलाहरू स्वास्नीको रूपमा रहेका छन् । महिलाहरू खासगरी लोग्ने या अन्य जेठो बाठोहरू घरमा नभए आफैं पनि मूलीको रूपमा रहेका हुन्छन् । आफैं मूलीको रूपमा रहेका महिलाहरू ५.८ प्रतिशत अर्थात् ८५ जना देखिन आएका छन् । महिलाहरू मूलीको रूपमा खासगरी बढी उमेरका महिलाहरू भएका देखिन्छ । ५५ वर्ष भन्दा माथिका महिलाहरूमा २६.८ प्रतिशत महिलाहरू मूलीको रूपमा रहेको देखिएका छन् ।

## तालिका नं. ३:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको मूलीसंगको नाता सम्बन्ध तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर (वर्षमा) | मूली | स्वास्नी | छोरी | बुहारी | दिदी/बहिनी | अन्य | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| १०–१४ | — | — | ८६.९ | ०.४ | २.५ | १०.२ | १००.० | (२८३) |
| १५–१९ | — | ९.२ | ४८.५ | ३५.९ | २.४ | ३.९ | १००.० | (२०६) |
| २०–२४ | १.० | ४४.१ | ११.३ | ४१.७ | १.५ | ०.५ | १००.० | (२०४) |
| २५–२९ | २.३ | ७१.८ | ४.५ | २०.९ | ०.६ | — | १००.० | (१७७) |
| ३०–३४ | ४.६ | ८२.३ | २.३ | ९.२ | — | १.५ | १००.० | (१३०) |
| ३५–३९ | ३.८ | ८५.८ | ०.९ | ७.५ | — | १.९ | १००.० | (१०६) |
| ४०–४४ | १०.६ | ८१.९ | १.१ | १.१ | — | ५.३ | १००.० | (९४) |
| ४५–४९ | १५.४ | ७५.६ | १.३ | २.६ | — | ५.१ | १००.० | (७८) |
| ५०–५४ | १७.८ | ६७.१ | १.४ | १.४ | — | १२.३ | १००.० | (७३) |
| ५५–५९ | २३.१ | ५३.८ | — | — | — | २३.१ | १००.० | (३९) |
| ६०–६४ | ३३.३ | ३५.९ | — | — | — | ३०.८ | १००.० | (३६) |
| ६५–माथि | २४.४ | ८.१ | — | — | २.० | ६५.३ | १००.० | (४९) |
| | ५.८ (८५) | ४४.५ (६५८) | २६.० (३८४) | १५.० (२२१) | १.२ (१७) | ७.६ (११३) | १००.० | (१४७८) |

द्रष्टव्य :– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

२०३८ सालको जनगणना अनुसार सुर्खेत जिल्लामा दश वर्ष र सो भन्दा माथिका जम्मा ५६,७८६ महिलाहरू मध्ये ७४ प्रतिशत महिलाहरू विवाहित भएका देखिन्छन् । महिला श्रम सम्बन्धी सर्वेक्षणको क्रममा त्यस जिल्लाका सर्वेक्षित १४७८ जना महिलाहरूमा ६१.७ प्रतिशत विवाहित भएको देखिन्छ । विवाहित महिलाहरूमा उमेर समूह अनुसार अवलोकन गरिदा १४ वर्ष सम्मका महिलाहरूमा ०.७ प्रतिशत मात्र विवाहित देखिन्छ । यसरी यस जिल्लामा बाल विवाहको प्रचलन कम भएको पाइन्छ । विबाहित महिलाहरूमा २० देखि ४९ वर्ष सम्मका महिलाहरू धेरै देखिन्छन् । सो उमेर भित्रका महिलाहरू मध्ये करीब ९१ प्रतिशत महिलाहरूले विवाहित जिवन विताईरहेका पाइन्छन् । यस्तै गरेर उक्त जिल्लामा विधुवा र पारपाचुके ( छुट्टिएको ) महिलाहरू क्रमश: ९.६ प्रतिशत र ०.५ प्रतिशत देखिन्छन् । उमेर बढ्दै जाँदा विधुवा सख्या पनि बढ्दै गएको देखिन्छ । ५५ वर्ष र सो भन्दा माथिका १२७ जना महिलाहरूमा ८१ जना अर्थात ६३.८ प्रतिशत महिलाहरू विधुवा भएका देखिन्छन् ।

## तालिका नं. ४ :– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको वैवाहिक स्थिति तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (वर्षमा) | अविवाहित | विवाहित | विधुवा | पारपाचुके/छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|
| १०–१४ | ९९.३ | ०.७ | — | — | १००.० (२८३) |
| १५–१९ | ५१.० | ४९.० | — | — | १००.० (२०६) |
| २०–२४ | १०.८ | ८८.२ | ०.५ | ०.५ | १००.० (२०४) |
| २५–२९ | ४.० | ९३.८ | १.७ | ०.६ | १००.० (१७७) |
| ३०–३४ | ० ८ | ९२.३ | ५.४ | १.५ | १००.० (१३०) |
| ३५–३९ | — | ९८.१ | १.९ | — | १००.० (१०६) |
| ४०–४४ | — | ८४.० | १४.१ | १.१ | १००.० (९४) |
| ४५–४९ | — | ८०.८ | १७.९ | १.३ | १००.० (७८) |
| ५०–५४ | १.४ | ६९.९ | २७.४ | १.४ | १००.० (७३) |
| ५५–५९ | — | ५३.८ | ४६.२ | — | १००.० (३९) |
| ६०–६४ | — | ४३.४ | ५६.४ | — | १००.० (३९) |
| ६५–माथि | — | १६.३ | ८३.६ | — | १००.० (४९) |
| जम्मा | २८.२ (४१७) | ६१.७ (९१२) | ९.६ (१४२) | ०.५ (७) | १००.० (१४७८) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

## भाग–३

# शिक्षा

देश विकासको अभियानमा शिक्षाको विकास हुनु आवश्यक छ । निरक्षर जनसमूहले चाहेर पनि विकास कार्यमा अपेक्षित टेवा पुऱ्याउन नसक्ने कुरा निर्विवाद छ । निरक्षरतालाई हटाउन एक दुई जनाको प्रयासले मात्रै सम्भव नहुने भएकोले सबैको सहयोग र सदभावनाको खांचो पर्दछ ।

२०३८ सालको जनगणना अनुसार नेपाल अधिराज्यमा १२.० प्रतिशत महिलाहरू साक्षर भएकोमा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा ७.३ प्रतिशत महिलाहरू मात्र शिक्षित भएका देखिन्छन् । यसैगरी भेरी अञ्चल र सुर्खेत जिल्लाको महिला साक्षरता प्रतिशत क्रमशः ८.१ र ९.७ देखिन्छ ।

२०४४ सालमा सुर्खेत जिल्लामा गरिएको महिला श्रम सम्बन्धी अध्ययनमा १० वर्ष र सो भन्दा माथिका १४७८ महिलाहरूमा १९५ अर्थात् १३.२ प्रतिशत महिलाहरू साक्षर देखिन्छन् । उमेर समूह अनुसार साक्षरतालाई हेर्ने हो भने १०–१४ वर्षका महिलाहरू धेरै साक्षर भएको देखिन्छ भने ५५ र सो भन्दा बढी उमेरका कुनै पनि महिला साक्षर भएको देखिदैनन । साक्षरताको प्रतिशत कम उमेरमा बढी उमेरका महिलाहरूको दांजोमा बढी देखिन्छ १०–२४ वर्षमा जम्मा ६९३ जना महिलाहरूमा १८५ जना अर्थात् २६.७ प्रतिशत साक्षर भएको देखिन्छ ।

## तालिका नं. ५:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको साक्षरता तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समुह [वर्षमा] | साक्षर | निरक्षर | जम्मा |
|---|---|---|---|
| १०–१४ | ३२.२ | ६७.८ | १००.० (२८३) |
| १५–१९ | २९.४ | ७८.६ | १००.० (२०६) |
| २०–२४ | १६.२ | ८३.८ | १००.० (२०४) |
| २५–२९ | ६.८ | ९३.२ | १००.० (१७७) |
| ३०–३४ | ५.४ | ९४.६ | १००.० (१३०) |
| ३५–३९ | ०.९ | ९९.१ | १००.० (१०६) |
| ४०–४४ | ४.३ | ९५.७ | १००.० (९४) |
| ४५–४९ | १.३ | ९८.७ | १००.० (७८) |
| ५०–५४ | २.७ | ९७.३ | १००.० (७३) |
| ५५ माथि | — | १००.० | १००.० (१२७) |
| जम्मा | १३.२ | ८६.८ | १००.० |
| | (१९५) | (१२८३) | (१४७८) |

द्रष्टव्य: – कोष्ठ (  ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

२०३८ सालको जनगणना अनुसार ६ वर्ष र सो भन्दा माथिका महिलाहरूमा ९.७ प्रतिशत मात्र साक्षर भएको यस जिल्लामा साक्षर ६४२६ महिलाहरू मध्ये ६९.८ प्रतिशत महिलाहरूले विभिन्न शैक्षिक तह पास गरेको देखिन्छन् । विभिन्न शैक्षिक तह पुरा गरेका ४४८८ महिलाहरूमा पनि १–५ कक्षा पुरा गरेका महिलाहरू ८९.४ प्रतिशत देखिन्छ जबकी स्नातक महिलाहरूको ०.२ प्रतिशत मात्र देखिन्छ ।

२०४४ सालमा गरिएको महिला श्रम सम्बन्धी अध्ययनमा देखिए अनुसारका १९५ जना साक्षर महिलाहरूमा ८३.६ प्रतिशत महिलाहरूले विभिन्न शैक्षिक तह पुरा गरेका देखिन्छन् । शैक्षिकतह पुरा गर्ने महिलाहरूमा १–३ कक्षा पूरा गर्नेहरू ५२.८ प्रतिशत देखिन्छ जबकि उच्च कक्षाहरू पुरा गर्ने महिलाहरूको संख्यामा कमि देखिन्छ । शैक्षिक तह पुरा गर्ने महिलाहरू ४४ वर्षसम्म मात्र सिमित छ ।

## तालिका नं. ६:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूले पुरा गरेको शैक्षिक तह तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह [वर्षमा] | शिक्षाको तह | | | | | |
|---|---|---|---|---|---|---|
| | १–३ कक्षा | ४–५ कक्षा | ६–७ कक्षा | ८–१० कक्षा | ११ कक्षा + माथि | जम्मा |
| १०–१४ | ६७.५ | २४.१ | ८.५ | — | — | १००.० (८३) |
| १५–१९ | ३७.५ | २०.० | १५.० | २७.५ | — | १००.० (४०) |
| २०–२४ | २५.० | २५.० | १४.३ | ३२.१ | ३.६ | १००.० (२८) |
| २५–२९ | ५७.१ | २८.६ | — | १४.३ | — | १००.० (७) |
| ३०–३४ | ६६.७ | — | — | ३३.३ | — | १००.० (३) |
| ४०–४४ | १००.० | — | — | — | — | १००.० (२) |
| जम्मा | ५२.८ (८६) | २२.७ (३७) | १०.४ (१७) | १३.५ (२२) | ०.७ (१) | १००.० (१६३) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अंकले कूल संख्या जनाउँदछ ।

शिक्षण संस्थामा भर्ना भई विभिन्न कारणवस बीचैंमा पढाई छाड्ने प्रवृति हाम्रो जस्तो विकासशील देशमा शैक्षिक विकासको लागि एक प्रमुख बाधाको रूपमा देखापरेको छ । सुर्खेत जिल्लामा सर्वेक्षित कूल महिलाहरू मध्ये बीचैंमा पढाई छाड्ने महिलाहरूको संख्या ६४ रहेको देखिएको छ । पढाई छाड्ने विभिन्न कारणहरूमा विवाह एक प्रमुख कारणको रूपमा रहेको देखिन्छ । विवाहको कारणले पढाई छाड्ने महिलाहरू ४२.२ प्रतिशत देखिन्छ । उमेर समूह अनुसार धेरै १५-१९ वर्षका महिलाहरूले पढाई छाडेका देखिन्छ । पढाई छाड्ने कूल महिलाहरूमा उक्त उमेर समूहका महिलाहरू ३७.५ प्रतिशत देखिन्छ ।

## तालिका नं. ७:- दश वर्ष र सो भन्दा माथिका पढाई छाड्ने महिलाहरूको पढाई छाड्ने कारण तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (वर्षमा) | घरायसी कामले | विहावारी भएर | शिक्षण संस्था टाढा भएर | आर्थिक कठिनाईले | अन्य कारणले | जम्मा |
|---|---|---|---|---|---|---|
| १०-१४ | ५०.० | ७.१ | — | २१.४ | २१.४ | १००.० (१४) |
| १५-१९ | ३३.३ | ३७.५ | ४.२ | १६.७ | ८.३ | १००.० (२४) |
| २०-२४ | २५.० | ७०.० | — | ५.० | — | १००.० (२०) |
| २५-२९ | ५०.० | ५०.० | — | — | — | १००.० (४) |
| ३०-३४ | ५०.० | ५०.० | — | — | — | १००.० (२) |
| जम्मा | ३५.९ (२३) | ४२.२ (२७) | १.६ (१) | १२.५ (८) | ७.८ (५) | १००.० (६४) |

द्रष्टव्य :- कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

भाग–४

# महिलाहरूले गर्ने काम

जनसंख्याको करीव ५०% स्थान ओगट्ने महिला जनसंख्याले श्रम शक्तिमा पनि ठूलो स्थान ओगटेको हुन्छ । महिलाहरूको श्रम शहरी क्षेत्रमा भन्दा गाउँहरूमा धेरै प्रयोग भएको पाइन्छ । शहरी क्षेत्रका महिलाहरूले भन्दा गाउँले महिलाहरूले कृषिमा धेरै खटिनु पर्ने हुन्छ । गाउँमा महिलाहरूले बच्चा स्याहार्नु, चौका चुलोको काम जस्ता घरायसी कामका अतिरिक्त गोठ सफा गर्नु, घांस काट्नु, खेती पातीमा गोडमेल गर्नु आदि जस्ता कामहरू पनि सम्पन्न गर्नु पर्दछ ।

यस अध्ययनमा देखिए अनुसार महिलाहरूले सर्वेक्षण गरेको दिन देखि सात दिन भित्र गरेका कामहरूको प्रकारलाई हेर्दा घरायसी काम गर्ने महिलाहरूको संख्या नै अधिक, देखा परेको छ । सो अवधिमा घरायसी काम गर्ने महिलाहरू ५४.३ प्रतिशत देखिन आएका छन् भने दैनिक ज्यालादारीको रूपमा अरूको काम गर्ने महिलाहरू केवल ०.८ प्रतिशत मात्र देखिन आएका छन् । ५५ वर्ष र सो भन्दा माथिका महिलाहरू धेरैजसो घरायसी काममै लागेका देखिन्छन् । ५५ र सो भन्दा माथिका महिलाहरू मध्ये ६३.६ प्रतिशत महिलाहरू घरायसी काममै लागेका देखिन्छन् ।

**तालिका नं. ८:– दश वर्ष र सो भन्दा माथिका सात दिन भित्र काम गरेका महिला-हरूको कामको किसिम तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।**

| उमेर समूह (वर्षमा) | खेतीपाती | पशुपालन | व्यापार | दैनिक ज्यालादारी | उद्योग | घरायसी काम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १०–१४ | ४.० | ४५.८ | ०.२ | ०.५ | ०.७ | ४८.० | ०.७ | १००.० (४२१) |
| १५–१९ | ७.४ | ३५.० | ०.३ | ०.६ | १.५ | ५४.३ | ०.९ | १००.० (३३७) |
| २०–२४ | ११.८ | २५.५ | १.१ | ०.३ | २.२ | ५६.६ | २.५ | १००.० (३५७) |
| २५–२९ | ९.७ | २५.१ | ०.६ | १.९ | ५.३ | ५५.८ | १.६ | १००.० (३१९) |
| ३०–३४ | १३.३ | २५.४ | ०.८ | ०.८ | २.९ | ५५.४ | १.३ | १००.० (२४०) |
| ३५–३९ | १४.६ | २५.३ | १.७ | १.१ | २.२ | ५५.० | — | १००.० (१७८) |
| ४०–४४ | १०.९ | २५.० | १.९ | १.३ | ४.५ | ५६.४ | — | १००.० (१५६) |
| ४५–४९ | १६.९ | २५.४ | ०.८ | — | २.५ | ५३.४ | ०.८ | १००.० (११८) |
| ५०–५४ | १५.० | २९.० | २.० | — | — | ५३.० | १.० | १००.० (१००) |
| ५५–५९ | ९.५ | २३.८ | २.४ | २.४ | २.४ | ५९.५ | — | १००.० (४२) |
| ६०–६४ | ७.४ | १८.५ | — | ३.७ | — | ७०.३ | — | १००.० (२७) |
| ६५+ | १०.० | २६.७ | — | — | — | ६३.३ | — | १००.० (३०) |
| जम्मा | १०.१ (२३४) | ३०.५ (७०९) | ०.९ (२०) | ०.८ (१९) | २.४ (५५) | ५४.३ (१२६३) | १.१ (२५) | १००.० (२३२५) |

द्रष्टव्य:– १. एक जनाले एउटा भन्दा बढी काम गर्ने भएबाट महिलाहरूको खास संख्या (Actual Number) सित यस तालिकामा देखाइएको संख्या नमिल्न सक्छ ।

२. कोष्ठ ( ) भित्रको अंकले कूल संख्या जनाउँदछ ।

गाउँ घरमा महिलाहरूले विहानै देखि विभिन्न प्रकारका कामहरू गर्नु पर्ने हुन्छ । महिलाहरूले पशुपालन अन्तर्गत गोठ सफा गर्नु देखि लिएर पानी बोक्ने, खाना पकाउने आदि जस्ता कामहरू एकै दिनमा गर्नु पर्ने भएबाट एक दिनको समयलाई विभिन्न प्रकारले उपयोग गर्दछन् । यसरी विभिन्न कामहरू एक दिनमा सम्पन्न गर्दा सबभन्दा धेरै ३–५ घण्टा काम गर्ने समूहनै अधिक देखा पर्न आएको छ । यसरी ३–५ घण्टा सम्म काम गर्ने महिलाहरूको प्रतिशत ४८.० देखिन आएको छ । तालिका नं. ९ मा देखाइए अनुसार कुनै काम विशेषमा धेरै घण्टासम्म नविताए-को देखिन्छ। ११ घण्टा भन्दा बढी कुनै काम विशेषमा लाग्ने महिलाहरूको संख्या केवल ७ (सात) जना भएबाट नै यस कुरा प्रस्टिन्छ । यसैले महिलाहरू एउटै काम धेरै वेर सम्म नगरी एउटै महिलाले एकै दिनमा एउटा भन्दा बढी काम गर्ने देखिन्छ । सवभन्दा बढी समय सम्म काम गर्ने महिलाहरूमा व्यापार गर्ने महिलाहरू लागेका देखिन्छ । उक्त तालिकामा देखाइएको व्यापार गर्ने २० जना महिलाहरूमा ५५ प्रतिशत महिलाहरूले ११ घण्टा भन्दा बढी काममा लागेका पाइछन्, सात दिन भित्र धेरै घरायसी काम गर्ने महिलाहरूको नै प्रधान्यता भएको र सो काममा लाग्ने महिलाहरू मध्ये सवभन्दा धेरैले ३–५ घण्टा नै काम गरेको देखिन्छ । घरायसी काममा लागेका १२६३ महिलाहरूमा ४९.० प्रतिशतले ३–५ घण्टा मात्र काम गरेका पाइन्छन् ।

## तालिका नं. ९ :– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको सात दिनमा दैनिक सरदर काम गरेको घण्टा तथा कामको किसिम अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| कामको किसिम | एक दिनमा सालाखाला काम गर्ने घण्टा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १–२ | ३–५ | ६–१० | ११–माथि | उल्लेख नभएको | | जम्मा |
| खेतीपाती | ३७.२ | ४४.४ | १७.९ | ०.४ | — | १००.० | (२३४) |
| पशुपालन | ३१.२ | ४६.० | २२.७ | ०.१ | — | १००.० | (७०९) |
| व्यापार | ५.० | ३५.० | ५५.० | ५.० | — | १००.० | (२०) |
| दैनिक ज्यालादारी | १०.५ | ४७.४ | ३६.८ | — | ५.३ | १००.० | (१९) |
| उद्योग | १०.९ | ८७.३ | १.८ | — | — | १००.० | (५५) |
| घरायसी काम | २७.८ | ४९.० | २३.० | ०.२ | — | १००.० | (१२६३) |
| अन्य | ६८.० | १६.० | १२.० | ४.० | — | १००.० | (२५) |
| जम्मा | २९.५ | ४८.० | २२.१ | ०.३ | ०.० | १००.० | |
| | (६८५) | (१११७) | (५१५) | (७) | (१) | | (२३२५) |

द्रष्टव्य :– १. एक जनाले एउटा भन्दा बढी काम गर्ने भएबाट महिलाहरूको खास संख्या (Actual Number) संग यस तालिकामा देखाइएको संख्या नमिल्न सक्छ ।

२. कोष्ठ ( ) भित्रको अंकले कूल संख्या जनाउँदछ ।

महिलाहरूले वर्ष भरिमा विभिन्न कामहरू गरेर व्यतित गर्दछन् । ती कामहरूमा व्यतित गरिने समय ऋतु (Season) अनुसार फरक हुन सक्छन् ।

वर्ष दिनमा गरिने कामहरूको लेखाजोखा गर्ने हो भने सबभन्दा धेरै महिलाहरू कृषि ( खेती + पशु-पालन ) मै लागेका देखिन्छन् । सो कार्यमा लाग्ने महिलाहरूको प्रतिशत ४८.८ देखिन्छ । यस पछि घरधन्दामा लाग्ने महिलाहरूको संख्या आउँछ जुनकी ४५.७ प्रतिशत छ । तर गाउँले महिलाहरूमा व्यापार र उद्योगतिर लाग्ने महिलाहरूको संख्या कम देखिन्छ । साठी र सो भन्दा बढी उमेरका महिलाहरू अन्य कामका अतिरिक्त धेरै जसो घर धन्दामै लागेको देखिन्छ । यस कार्यमा लाग्ने यस समूहमा महिलाहरू ६१ प्रतिशत देखिन्छ ।

## तालिका नं. १० :– दश वर्ष र सो भन्दा माथिका एक वर्ष भित्रमा काममा लागेका महिलाहरूको कामको प्रकार तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (वर्षमा) | कामको किसिम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घरधन्दा | पशुपालन | खेती | उद्योग | व्यापार | ज्यालादारी | अन्य | जम्मा |
| १०–१४ | ४२.४५ | ४०.७३ | १४.२२ | — | ०.४३ | १.७२ | ०.४४ | १००.० (४६४) |
| १५–१९ | ४५.९० | २६.५१ | २२.६२ | १.०७ | — | ३.०१ | ०.८६ | १००.० (४६४) |
| २०–२४ | ४८.२८ | २०.४७ | २५.८६ | ०.६४ | ०.६४ | ३.४४ | ०.६४ | १००.० (४६४) |
| २५–२९ | ४७.४८ | १८.९४ | २६.६१ | १.१९ | ०.२३ | ३.८३ | १.६७ | १००.० (४१७) |
| ३०–३४ | ४७.४२ | १८.०६ | २८.०६ | १.६१ | ०.६४ | २.५८ | १.६१ | १००.० (३१०) |
| ३५–३९ | ४१.९७ | १९.३४ | ३०.४५ | ०.४१ | १.६४ | ४.५२ | १.६४ | १००.० (२४३) |
| ४०–४४ | ४२.७३ | २०.८७ | २९.१२ | ०.९७ | १.९४ | ३.३९ | ०.९७ | १००.० (२०६) |
| ४५–४९ | ४१.३६ | २३.४५ | ३०.८६ | — | ०.६१ | १.८५ | १.८५ | १००.० (१६२) |
| ५०–५४ | ४५.९६ | २३.३८ | २४.२९ | — | २.४१ | २.४१ | १.६१ | १००.० (१२४) |
| ५५–५९ | ४८.२७ | २०.६८ | २५.८६ | — | १.७२ | १.७२ | १.७२ | १००.० (५८) |
| ६०–६४ | ५५.१७ | १७.२४ | २४.१३ | — | — | ३.४४ | — | १००.० (२९) |
| ६५+ | ६६.६७ | २०.०० | १३.३३ | — | — | — | — | १००.० (३०) |
| जम्मा | ४५.६७ (१३५७) | २४.३० (७२२) | २४.५३ (७२९) | ०.७० (२१) | ०.७० (२१) | २.९६ (८८) | १.११ (३३) | १००.० (२९७१) |

द्रष्टव्यः– १) एक जनाले एउटा भन्दा बढी काम गर्ने भएबाट महिलाहरूको खास संख्या (Actual Number) सित यस तालिकामा देखाइएको संख्या नमिल्न सक्छ ।

२) वर्षमा ८ आठ महिना काम गर्नेलाई मात्र यस तालिकामा समावेश गरिएको छ ।

३) कोष्ठ भित्रको ( ) अङ्कले कूल संख्या जनाउन्छ ।

महिलाहरूले एकै दिनमा विभिन्न कामहरू गर्दछन् यसरी गरिने विभिन्न कामहरूमा दैनिक सरदर ३–५ घण्टा काम गर्ने महिलाहरू १४०३ अर्थात् ४७.२ प्रतिशत छ । ११ घण्टा र सो भन्दा बढी कुनै काम विशेषमा लाग्ने महिलाहरू केवल ०.१० प्रतिशत मात्र देखिएको छ । यसबाट के देखिन्छ भने महिलाहरू कुनै एउटै काममा मात्रै आफ्नो समय व्यतित नगरी एक भन्दा बढी काममा लाग्ने गरेका देखिन्छन् । ज्यालादारीमा काम गर्ने ८८ जना महिलाहरूमा ६–१० घण्टासम्म एक दिनमा काम गर्ने महिलाहरू ७२.७ प्रतिशत देखिन्छ ।

## तालिका नं. ११:– दश वर्ष र सो भन्दा माथिको महिलाहरूको एक वर्ष भित्र गरेको कामको दैनिक सरदर घण्टा तथा कामको किसिम अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| कामको किसिम | एक दिनमा काम गर्ने सरदर घण्टा | | | | | |
|---|---|---|---|---|---|---|
| | १–२ | ३–५ | ६–१० | ११+ | उल्लेख नभएको | जम्मा |
| घरायसी काम | ३३.५३ | ४८.७८ | १७.३९ | — | ०.२९ | १००.० (१३५७) |
| पशुपालन | ३६.७० | ४४.७४ | १८.५६ | — | — | १००.० (७२२) |
| खेती | ६.९९ | ५१.३० | ४१.४३ | ०.१४ | ०.१४ | १००.० (७२९) |
| उद्योग | ३३.३३ | ६१.९० | ४.७६ | — | — | १००.० (२१) |
| व्यापार | १९.०५ | २८.५७ | ४७.६२ | ४.७६ | — | १००.० (२१) |
| ज्यालादारी | २.२७ | २३.८६ | ७२.७३ | १.१४ | — | १००.० (८८) |
| अन्य | ६९.७० | १२.१२ | १८.१८ | — | — | १००.० (३३) |
| जम्मा | २७.१६ (८०७) | ४७.२२ (१४०३) | २५.३४ (७५३) | ०.१० (३) | ०.१७ (५) | १००.० (२९७१) |

द्रष्टव्य:– १) एक जनाले एउटा भन्दा बढी काम गर्ने भएबाट महिलाहरूको खास संख्या (Actual Number) संग यस तालिकामा देखाइएको संख्या नमिल्न सक्छ ।

२) वर्षमा ८ महिना काम गर्नेलाई मात्र यस तालिकामा समावेश गरिएको छ ।

३) कोष्ठ ( ) भित्रको अङ्कले कूलसंख्या जनाउन्छ ।

महिलाहरूले वर्ष भरीमा विभिन्न प्रकारका काम गर्दछन् । ती कामहरू परिवारको आवश्यकता तथा कामको प्रकृति अनुसार कुनै धेरै दिन सम्म र कुनै थोरै दिनसम्म मात्र गर्ने गरिन्छ । यसै अनुरूप विचार गर्दा सबभन्दा धेरै घरायसी काम गर्ने महिलाहरू (१३५७) देखिएको मा २०१–३०० दिन सम्म काम गर्ने महिलाहरू ३४.६ प्रतिशत र ३०१ देखि माथि ३४.८ प्रतिशत देखिन्छ । यस्तै गरेर पशुपालनमा लाग्ने महिलाहरूमा ७१.८ प्रतिशत महिलाहरूले २०० भन्दा बढी दिन सम्म काम गर्ने गरेका पाइन्छन् । ज्यालादारीमा काम गर्ने ८८ जना महिलाहरू मध्ये ६१.४ प्रतिशत महिलाहरूले १–१०० दिन काम गरेका देखिनाले महिलाहरू थोरै दिनको लागि मात्र अरूहरूको ज्यालादारीमा काम गरी समय विताउने कुरा दर्शाउंछ ।

## तालिका नं. १२ :– दश वर्ष र सो भन्दा माथिका एक वर्ष भित्रमा काम गरेका महिलाहरूको कार्य दिन तथा कामको किसिम अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| काम कामको | दिनको संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | १–१०० | १०१–२०० | २०१–३०० | ३०१–माथि | उल्लेख नभएको | जम्मा |
| घरायसी | १३.८ | १६.५ | ३४.६ | ३४.८ | ०.३ | १००.० (१३५७) |
| पशुपालन | ७.८ | २०.५ | ३९.१ | ३२.७ | — | १००.० (७२२) |
| खेती | ३२.८ | ३२.८ | ३३.३ | १.० | ०.१ | १००.० (७२९) |
| उद्योग | २३.८ | २८.६ | २८.६ | १९.० | — | १००.० (२१) |
| ब्यापार | २३.८ | १९.० | ३३.३ | २३.८ | — | १००.० (२१) |
| ज्यालादारी | ६१.४ | २९.५ | ५.७ | २.३ | १.१ | १००.० (८८) |
| अन्य | ३.० | ९.१ | ९.१ | ७८.८ | — | १००.० (३३) |
| जम्मा | १८.४ (५४७) | २१.९ (६५०) | ३४.२ (१०१५) | २५.३ (७५३) | ०.२ (६) | १००.० (२९७१) |

द्रष्टव्य:– १) एक जनाले एउटा भन्दा बढी काम गर्ने भएबाट महिलाहरूको खास संख्या (Actual Number) संग यस तालिकामा देखाइएको संख्या नमिल्न सक्छ ।

२) वर्षमा ८ महिना काम गर्नेलाई मात्र यस तालिकामा समावेश गरिएको छ ।

३) कोष्ठ भित्रको ( ) अङ्कले कूल संख्या जनाउन्छ ।

ग्रामिण जनजिवनमा महिलाहरू आफ्नो मात्र काम नगरी अरूको काम पनि गर्ने गर्दछन् । यसरी अरूको काम पनि गर्ने महिलाहरू सर्वेक्षित महिलाहरूको ५१.७ प्रतिशत देखिन आएको छ । अरूको काम पनि गर्ने महिलाहरूमा १५–१९ को उमेर समूह देखि लिएर ४५–४९ को उमेर समूहमा अधिक देखा परेको छ । उक्त उमेर समूहमा जम्मा ९९५ जना महिलाहरू मध्ये आफ्नो वाहेक अरूको काम पनि गर्ने महिलाहरू ६३८ जना अर्थात ६४.१ प्रतिशत देखिन्छ । अरूको काम नगर्नेमा वढी उमेरका महिलाहरू छन् । ५५ र सो भन्दा माथिको १२७ जना महिलाहरूमा १०६ जना अर्थात ८३.५ प्रतिशत महिलाहरूले अरूको काम नगर्ने गरेका पाइन्छन् ।

## तालिका नं. १३ :– दश वर्ष र सों भन्दा माथिका महिलाहरूको काम गर्दाको तह तथा उमेर समूह अनुसारको प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (वर्षमा) | अरूको काम पनि गर्ने | अरूको काम नगर्ने | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|
| १०–१४ | २५.८ | ७३.९ | ०.३ | १००.० (२८३) |
| १५–१९ | ५५.३ | ४४.७ | — | १००.० (२०६) |
| २०–२४ | ६५.२ | ३४.८ | — | १००.० (२०४) |
| २५–२९ | ६९.५ | ३०.५ | — | १००.० (१७७) |
| ३०–३४ | ६८.५ | ३१.५ | — | १००.० (१३०) |
| ३५–३९ | ६९.८ | ३०.२ | — | १००.० (१०६) |
| ४०–४४ | ६६.० | ३४.० | — | १००.० (९४) |
| ४५–४९ | ५५.१ | ४४.९ | — | १००.० (७८) |
| ५०–५४ | ४५.२ | ५४.८ | — | १००.० (७३) |
| ५५–५९ | ३०.८ | ६९.२ | — | १००.० (३९) |
| ६०–६४ | १०.३ | ८९.७ | — | १००.० (३९) |
| ६५ + | १०.२ | ८९.८ | — | १००.० (४९) |
| जम्मा | ५१.७ (७६५) | ४८.२ (७१२) | ०.१ (१) | १००.० (१४७८) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अंकले कूल संख्या जनाउँदछ ।



७१२८८
नेपाल राष्ट्रिय पुस्तकालय
हरिहर भवन

विभिन्न कारणवस महिलाहरू काममा लाग्न सक्तैनन् । यसरी काममा नलागेका महिलाहरूको संख्या १३० छ । ती महिलाहरू मध्ये काम गर्न सक्षम भए तापनि काम नपाएर या विद्यार्थी भएर पनि काममा नलागेका हुन सक्दछन् । ती महिलाहरूले वर्षमा केही दिन काममा विताए तापनि तिनीहरूको उद्देश्य काम गर्नु नभई अध्ययन भएबाट र काम गर्ने मुख्य उद्देश्य भए तापनि भनेको कामै नपाएबाट त्यसै वस्नु परेको हुन सक्छ । यसरी काम गर्न नसकेका १३० जना महिलाहरूमा विद्यार्थी भएर काममा लाग्न नसकेकाहरूको संख्या सबभन्दा धेरै हुन आउँछ भने वृद्ध अवस्थाले गर्दा पनि महिलाहरूलाई सक्रिय रूपले कार्यमा लागि समय बिताउन व्यवधान गरेका महिलाहरूको प्रतिशत २७.७ प्रतिशत हुन आउँछ । यसको साथै कामै गर्न नसक्ने गरी रोगी भई दिनाले पनि महिलाहरू काममा लाग्न नसकेका देखिन्छन् । यसरी जीर्ण रोगी भई काममा लाग्न नसक्ने महिलाहरूमा १०–१४ वर्षका महिलाहरू पनि समावेश भएका देखिन्छन् भने धेरै जसो ४० वर्ष नाघेका महिलाहरू नै सो कारणबाट काममा लाग्न नसकेका देखा पर्दछन् । काम गर्न नसकेका कारणहरूमा शारिरीक मानसिकरूपले अपाङ्ग भएर पनि तीन जनाले काम गर्न नसकेको देखिन्छ । र यसरी काम गर्न नसक्नेहरूमा धेरै जसो १९ वर्ष मुनिका महिलाहरू नै देखिन्छन् ।

## तालिका नं. १४:– दश वर्ष र सो भन्दा माथिका काममा नलागेका महिलाहरूको काममा लाग्न नसक्नाको कारण तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (बर्षमा) | बृद्ध अवस्था | जीर्ण रोगी | अपाङ्ग (शारीरिक, मानसिक) | विद्यार्थी | कामको खोजिमा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १०–१४ | — | १.९ | १.९ | ६७.९ | ५.७ | २२.६ | १००.० (५३) |
| १५–१९ | — | ११.१ | ११.१ | ४४.४ | — | ३३.३ | १००.० (९) |
| २०–२४ | — | — | — | २८.६ | १४.३ | ५७.१ | १००.० (७) |
| २५–२९ | — | ५०.० | — | ५०.० | — | — | १००.० (२) |
| ३०–३४ | — | — | — | — | — | १००.० | १००.० (१) |
| ३५–३९ | — | — | — | — | — | — | — — |
| ४०–४४ | — | ५०.० | — | — | — | ५०.० | १००.० (२) |
| ४५–४९ | — | १००.० | — | — | — | — | १००.० (२) |
| ५०–५४ | ४५.५ | ४५.५ | ९.० | — | — | — | १००.० (११) |
| ५५–५९ | ८०.० | २०.० | — | — | — | — | १००.० (५) |
| ६०–६४ | ५७.१ | २८.६ | — | — | — | १४.३ | १००.० (१४) |
| ६५+ माथि | ७९.२ | २०.८ | — | — | — | — | १००.० (२४) |
| जम्मा | २७.७ (३६) | १६.२ (२१) | २.३ (३) | ३३.० (४३) | ३.० (४) | १७.७ (२३) | १००.० (१३०) |

द्रष्टव्य.– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

आफ्नो काम बाहेक अरूको काम गर्न जाने महिलाहरू ७६६ जना भएकोमा ती मध्ये धेरै जसो श्रमको आदान प्रदान अर्थात् (पर्मको रूपमा) पारिश्रमिक नलिई काम गर्न जाने गर्दछन् यसरी पर्मको रूपमा काम गर्न जाने महिलाहरू ५९.८ प्रतिशत छन् । यस पछि बाहिर गई काम गर्न जाने प्रमुख कारणमा कृषिले खान नपुग्ने भएर जाने गरेका देखिन्छन् । यस कारणले बाहिर गई काम गर्न जाने महिलाहरूको प्रतिशत २४.४ छ ।

## तालिका नं. १५:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको बाहिर काम गर्नाको कारण तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (वर्षमा) | अरूलाई सहायता दिन (पर्मको रूपमा) | परिवारलाई आर्थिक सहयोग पुऱ्याउन | कृषिले खान नपुग्ने भएर | अन्य कारण | कारण उल्लेख नभएको | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| १०–१४ | ४५.३ | २०.० | ३२.० | — | २.७ | १००.० | (७५) |
| १५–१९ | ६०.५ | १५.८ | २०.२ | ३.५ | — | १००.० | (११४) |
| २०–२४ | ६०.९ | १४.३ | २४.१ | ०.७ | — | १००.० | (१३३) |
| २५–२९ | ५८.५ | १५.४ | २५.२ | ०.८ | — | १००.० | (१२३) |
| ३०–३४ | ६४.० | १०.१ | २४.८ | १.१ | — | १००.० | (८९) |
| ३५–३९ | ५६.८ | १३.५ | २८.४ | १.३ | — | १००.० | (७४) |
| ४०–४४ | ६६.१ | ६.४ | २४.२ | ३.२ | — | १००.० | (६२) |
| ४५–४९ | ६७.४ | ११.६ | १८.७ | २.३ | — | १००.० | (४३) |
| ५०–५४ | ६२.५ | १८.७ | १८.७ | — | — | १००.० | (३२) |
| ५५–५९ | ६६.७ | ८.३ | १६.७ | ८.३ | — | १००.० | (१२) |
| ६०–६४ | २५.० | — | ७५.० | — | — | १००.० | (४) |
| ६५+ | ८०.० | २०.० | — | — | — | १००.० | (५) |
| जम्मा | ५९.८<br>(४५८) | १४.०<br>(१०७) | २४.४<br>(१८७) | १.६<br>(१२) | ०.२<br>(२) | १००.० | (७६६) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

महिलाहरू विभिन्न घरायसी एवं उत्पादनशील कामहरूमा सहभागि भई योगदान दिइरहेका हुन्छन् । महिलाहरूले गरी राखेका कामहरू बाहेक अन्य काम पनि गर्न चाहेका हुन्छन् । यसरी आफूले गरिराखेका काम बाहेक अन्य काम गर्न चाहने महिलाहरू अन्य काम गर्न नचाहने महिलाहरूको दांजोमा १९.४ प्रतिशतले बढी भएको देखिन्छ । हाल गरिराखेको काम बाहेक अन्य काम गर्न चाहने महिलाहरूमा १० देखि १९ वर्षसम्मका महिलाहरूमा काम गर्न नचाहनेको तुलनामा बढी हुन आउँछ । उक्त उमेर भित्रका जम्मा ११०६ जना महिलाहरूमा ७५६ जना अर्थात् ६८.५ प्रतिशत महिलाहरू अन्य काम पनि गर्न चाहन्छन् । यस्तै गरेर हाल गरिराखेका कामहरूमै सन्तुष्टी भएर अन्य काम गर्न नचाहनेहरूमा बढी उमेरका महिलाहरू देखिन्छन् । ५५ वर्ष र सो माथिका जम्मा १२७ जना महिलाहरूमा ९९ जना अर्थात् ७७.९ प्रतिशत महिलाहरूले अन्य काम गर्न रूचाएका देखिदैन ।

## तालिका नं. १६:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको हाल गरिरहेका काम बाहेक अन्य काम गर्न चाहने, नचाहने तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (वर्षमा) | काम गर्न चाहने | काम गर्न नचाहने | उल्लेख नभएको | जम्मा | |
|---|---|---|---|---|---|
| १०–१४ | ६५.० | ३५.० | — | १००.० | (२८३) |
| १५–१९ | ७४.३ | २५.७ | — | १००.० | (२०६) |
| २०–२४ | ७९.९ | २०.१ | — | १००.० | (२०४) |
| २५–२९ | ६९.५ | ३०.५ | — | १००.० | (१७७) |
| ३०–३४ | ५६.२ | ४३.८ | — | १००.० | (१३०) |
| ३५–३९ | ५४.७ | ४५.३ | — | १००.० | (१०६) |
| ४०–४४ | ४७.९ | ५२.१ | — | १००.० | (९४) |
| ४५–४९ | ४३.६ | ५६.४ | — | १००.० | (७८) |
| ५०–५४ | ३०.१ | ६९.९ | — | १००.० | (७३) |
| ५५–५९ | २८.२ | ७१.८ | — | १००.० | (३९) |
| ६०–६४ | १२.८ | ८७.२ | — | १००.० | (३९) |
| ६५+ | २४.५ | ७५.५ | — | १००.० | (४९) |
| जम्मा | ५९.७ (८८३) | ४०.३ (५९५) | — | १०० | (१४७८) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

हाल गरिराखेका काम बाहेक अन्य काम गर्न चाहने ८८३ जना महिलाहरू मध्ये धेरै जसोले कृषि, उद्योग, आदि जस्ता कामहरूको सट्टा अन्य कुनै नयाँ काम गर्न चाहेका छन् । यसरी कुनै अन्य काम गर्न चाहने महिलाहरू ३८.७ प्रतिशत छन् भने अन्य काम गर्न चाहनेहरू पनि सबभन्दा धेरै कम उमेर समूहमा छन् । १० देखि १९ वर्ष भित्रका ३३८ जना महिलाहरूमा २०० जना अर्थात् ५९.३ प्रतिशत महिलाहरूले हाल गरिराखेको काम बाहेक अन्य काम गर्न चाहेको देखिएका छन् । यस पछि महिलाहरूको गर्न चाहने काममा कृषि सम्बन्धी काम पर्न आउँछन् । कृषि सम्बन्धी काम गर्न चाहने महिलाहरू २१.७ प्रतिशत छन् ।

## तालिका नं. १७:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूले गर्न चाहेको कामको किसिम तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह [वर्षमा] | कृषि | उद्योग | व्यापार | नोकरी | दैनिक ज्यालादारी | अन्य | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १०–१४ | ८.७ | ७.६ | ७.६ | ५.४ | ५.४ | ६५.२ | — | १००.० (१८४) |
| १५–१९ | ७.२ | ५.२ | १४.४ | १२.४ | ८.५ | ५२.३ | — | १००.० (१५३) |
| २०–२४ | १४.७ | ३.७ | ९.८ | १६.६ | १४.१ | ४०.५ | ०.६ | १००.० (१६३) |
| २५–२९ | ३४.१ | — | ८.१ | ११.४ | १८.७ | २७.६ | — | १००.० (१२३) |
| ३०–३४ | २१.९ | १.४ | ६.८ | २१.९ | २४.७ | २३.३ | — | १००.० (७३) |
| ३५–३९ | ४१.४ | — | ५.२ | ३१.१ | १७.२ | ५.२ | — | १००.० (५८) |
| ४०–४४ | ४२.२ | — | १३.३ | १३.१ | १७.८ | १३.३ | — | १००.० (४५) |
| ४५–४९ | ५०.० | — | २.६ | ३५.३ | २.९ | ८.८ | — | १००.० (३४) |
| ५०–५४ | ५६.१ | — | — | १८.२ | १३.६ | ९.१ | — | १००.० (२२) |
| ५५–५९ | ४५.४ | — | — | १८.२ | ९.१ | २७.३ | — | १००.० (११) |
| ६०–६४ | ४०.० | — | २०.० | — | ४०.० | — | — | १००.० (५) |
| ६५+ | २८.६ | — | — | १४.३ | — | ५७.१ | — | १००.० (१२) |
| जम्मा | २१.७ (१९२) | ३.३ (२९) | ८.८ (७८) | १४.६ (१२९) | १२.७ (११२) | ३८.७ (३४२) | ०.१ (१) | १००.० (८८३) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

भाग–५

# आम्दानीको मुख्य श्रोत

सुर्खेत जिल्लामा १४७८ जना सित प्रश्नावलीको माध्यमबाट जानकारी लिइदा १३७४ जना अर्थात् ९३ प्रतिशत महिलाहरूको घरको खास आम्दानीको श्रोत कृषि देखिन आएको छ। नोकरी मुख्य आम्दानीको श्रोत भएको संख्या ६ जना मात्र देखिन आएको छ। यसरी नै व्यापार मुख्य पेशा हुने महिलाहरूको घर संख्या पनि त्यति धेरै नभएको देखिन्छ। जम्मा १० जना महिलाहरूले घरको आयको प्रमुख श्रोत व्यापार भएको जानकारी दिएका छन्।

**तालिका नं. १८:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको आम्दानीको मुख्य श्रोत तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत।**

| उमेर समूह [वर्षमा] | कृषि | व्यापार | नोकरी | अन्य | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १०–१४ | ९२.६ | ०.७ | १.१ | ५.७ | — | १००.० (२८३) |
| १५-१९ | ९३.६ | — | — | ६.३ | — | १००.० (२०६) |
| २०–२४ | ९३.२ | १.५ | ०.५ | ५.९ | — | १००.० (२०४) |
| २५–२९ | ९३.८ | ०.६ | ०.६ | ५.१ | — | १००.० (१७७) |
| ३०–३४ | ९३.१ | ०.८ | ०.८ | ५.४ | — | १००.० (१३०) |
| ३५–३९ | ९२.५ | ०.९ | — | ६.६ | — | १००.० (१०६) |
| ४०–४४ | ९२.६ | २.१ | — | ५.३ | — | १००.० (९४) |
| ४५–४९ | ९१.० | — | — | ७.७ | १.३ | १००.० (७८) |
| ५०–५४ | ९३.२ | — | — | ६.८ | — | १००.० (७३) |
| ५५–५९ | ९४.९ | — | — | ५.१ | — | १००.० (३९) |
| ६०–६४ | ९४.९ | — | — | ५.१ | — | १००.० (३९) |
| ६५+ | ९३.९ | — | — | ६.१ | — | १००.० (४९) |
| जम्मा | ९३.० (१३७४) | ०.७ (१०) | ०.४ (६) | ५.९ (८७) | ०.१ (१) | १०० (१४७८) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ।

## ज्याला सम्बन्धी

महिलाहरूले पुरुष सरहनै ज्यालामा काम गरी अर्थोपार्जन गरिराखेका हुन्छन् । ज्यालामा काम गर्ने महिलाहरू सर्वेक्षित महिलाहरूको २०.७ प्रतिशत हुन आउँछ । ज्यालादारी काममा लागेर ज्याला पाउने महिलाहरूमा सबभन्दा धेरै अर्थात् ५४.२ प्रतिशत महिलाहरूले दैनिक रू. १६–२० लिएर काम गर्छन् । दैनिक रू. १–१० सम्मको ज्यालामा काम गर्ने महिलाहरू तथा रू. २६ र सो भन्दा माथिको ज्यालामा काम गर्नेहरूको प्रतिशत ४.६ नै देखिन्छ ।

**तालिका नं. १९:– दश वर्ष र सो भन्दा माथिका महिलाहरूको ज्यालामा काम गर्दा पाउने ज्याला तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।**

| उमेर समूह (वर्षमा) | रू. १–१० सम्म ज्याला पाउने | रू. ११–१५ | रू. १६–२० | रू. २१–२५ | रू. २६+ | ज्याला उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १०–१४ | १०.० | २०.० | ५५.० | १२.५ | — | २.५ | १००.० (४०) |
| १५–१९ | ६.७ | २०.० | ६०.० | ८.९ | ४.४ | — | १००.० (४५) |
| २०–२४ | २.० | १७.६ | ४७.१ | २५.५ | ७.८ | — | १००.० (५१) |
| २५–२९ | ३.८ | ११.५ | ६३.५ | १९.२ | १.९ | — | १००.० (५२) |
| ३०–३४ | — | १५.६ | ४६.९ | २५.० | ९.४ | ३.१ | १००.० (३२) |
| ३५–३९ | — | ६.५ | ६१.३ | २५.८ | ६.५ | — | १००.० (३१) |
| ४०–४४ | ४.८ | २३.८ | ४७.६ | १९.० | ४.८ | — | १००.० (२१) |
| ४५–४९ | — | — | ५०.० | ५०.० | — | — | १००.० (१४) |
| ५०–५४ | १६.७ | २५.० | ४१.७ | ८.३ | ८.३ | — | १००.० (१२) |
| ५५–५९ | — | २५.० | ७५.० | — | — | — | १००.० (४) |
| ६०–६४ | — | ३३.३ | ३३.३ | ३३.३ | — | — | १००.० (३) |
| ६५+ | १००.० | — | — | — | — | — | १००.० (१) |
| जम्मा | ४.६ (१४) | १६.० (४९) | ५४.२ (१६६) | १९.९ (६१) | ४.६ (१४) | ०.६ (२) | १००.० (३०६) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

महिला सरह ज्यालामा काम गर्ने पुरुषहरूमा सबभन्दा कम रू. ११–१५ को ज्यालामा काम गर्ने पुरुषहरू देखिन्छन् भने सबभन्दा बढी अर्थात् ४६.४ प्रतिशतले रू. १६–२० सम्म ज्याला लिई काम गर्नेहरू छन् । यसरी ज्यालामा काम गर्नेहरूमा सबभन्दा बढी २५–२९ उमेर समूहमा छन् । उक्त उमेर समूहमा पनि सबभन्दा धेरै अर्थात् ४२.३ प्रतिशतले रू. १६–२० ज्याला लिई काम गर्ने गरेका देखिन्छन् ।

## तालिका नं. २०:– दश वर्ष र सो भन्दा माथिका महिलाहरू सरहको ज्यालाको काम गर्दा पुरुषहरूले पाउने ज्याला तथा उमेर समूह अनुसार प्रतिशत वितरण, सुर्खेत ।

| उमेर समूह (वर्षमा) | रू. १–१० सम्म ज्याला पाउने | रू. ११–१५ | रू. १६–२० | रू. २१–२५ | रू. २६–३० | रू. ३१–३५ | रू. ३६+ | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १०–१४ | २.५ | २.५ | ४५.० | २७.५ | १७.५ | २.५ | — | २.५ | १००.० (४०) |
| १५–१९ | ४.४ | — | ६२.२ | ८.९ | १५.५ | ६.७ | २.२ | — | १००.० (४५) |
| २०–२४ | २.० | — | ४५.१ | २१.६ | १७.६ | ७.८ | ५.९ | — | १००.० (५१) |
| २५–२९ | १.९ | — | ४२.३ | २८.८ | १५.४ | ७.७ | — | ३.८ | १००.० (५२) |
| ३०–३४ | — | ३.१ | ४६.९ | १२.५ | २१.९ | ३.१ | ६.२ | ६.२ | १००.० (३२) |
| ३५–३९ | — | — | ४१.९ | १२.९ | २९.० | ९.७ | ६.४ | — | १००.० (३१) |
| ४०–४४ | — | ९.५ | ३८.१ | २३.८ | १९.० | ९.५ | — | — | १००.० (२१) |
| ४५–४९ | — | — | ३५.७ | ३५.७ | ७.१ | १४.३ | ७.१ | — | १००.० (१४) |
| ५०–५४ | १६.७ | — | ५०.० | ८.३ | १६.७ | ८.३ | — | — | १००.० (१२) |
| ५५–५९ | — | — | ५०.० | २५.० | २५.० | — | — | — | १००.० (४) |
| ६०–६४ | — | — | ३३.३ | — | ३३.३ | ३३.३ | — | — | १००.० (३) |
| ६४+ | — | — | १००.० | — | — | — | — | — | १००.० (१) |
| जम्मा | २.३ (७) | १.३ (४) | ४६.४ (१४२) | १९.९ (६१) | १८.३ (५६) | ७.२ (२२) | २.९ (९) | १.६ (५) | १००.० (३०६) |

द्रष्टव्य:– कोष्ठ ( ) भित्रको अङ्कले कूल संख्या जनाउन्छ ।

उपर्युक्त माथिका ज्याला सम्बन्धी दुई तालिकालाई विश्लेषण गर्दा हामी के पाउँछौं भने ज्यालाको रूपमा रू. २६ र सो भन्दा बढी पाउने महिलाहरू ४.६ प्रतिशत मात्र देखिन्छ, जबकि त्यस्तै किसिमका काम गर्ने पुरुषहरूमा रू. २६ र सो भन्दा बढी ज्याला पाउनेहरू करीब २८ प्रतिशत देखिन्छ । यसबाट करीब समान तहको काममा लाग्ने भए तापनि महिलाहरूको तुलनामा बहुसंख्यक पुरुषहरूले बढी ज्याला पाइने गरेको देखिन्छ ।